"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार: बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

**धरान उपमहानगरपालिका**

DHARAN SUB-METROPOLITAN CITY

**नगर कार्यपालिकाको कार्यालय**

OFFICE OF THE MUNICIPAL EXECUTIVE

(राजस्व प्रशासन महाशाखा)

(Revenue Administration Division)

धरान, सुनसरी, कोशी प्रदेश, नेपाल

Dharan, Sunsari, Koshi Province, Nepal

फोन: ०२५-५७०४०७, ५७०८१३
एक्स्टेन्सन: २०८, २०१
फ्याक्स: ०२५-५७१९९१

**क्यान्टिन भवन (२ वटा कोठा) बहालमा लगाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति : २०८२/०४/२०

यस उपमहानगरपालिकाको वडा नं. १२ स्थित कार्यालय परिसर भित्र रहेको उपमहानगरपालिकाको क्यान्टिन भवन (२ वटा कोठा) यस कार्यालयको सार्वजनिक खरिद नियमावली २०७८ को नियम १३८ को उपनियम ४ (घ) बमोजिम बोलपत्र आह्वान गरी तीन वर्षको लागि बहालमा लगाउनुपर्ने भएकोले ईच्छुक संघसंस्था वा फर्महरुबाट यो सूचना प्रकाशित मितिले १५ दिनभित्र शिलबन्दि बोलपत्र वा अनलाईन माध्यमबाट विद्युतीय बोलपत्र पेश गर्नु हुन जानकारी गराईन्छ। अन्य थप जानकारीको लागि यस कार्यालयको राजस्व प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

शर्तहरुः

१. बोलपत्र फाराम वापत लागि रु. १०००/-(एक हजार मात्र, फिर्ता नहुने गरी।) राजस्व प्रशासन तथा गैर कर शाखाबाट खरिद गर्न सकिनेछ। विद्युतीय बोलपत्र पेश गर्नेको हकमा यस कार्यालयको नामा राष्ट्रिय वाणिज्य बैंक, धरान शाखामा रहेको खाता नं. २१६०१००३०१०१०००२ मा फाराम दस्तुर वापतको रकम जम्मा गरी भौचर पेश गर्नु पर्नेछ।

२. पहिलो वर्षको लागि मासिक भाडा न्यूनतम् कबुल अंक रु. ३६०९६/- अक्षेरुपी (छत्तीस हजार छयानब्बे रुपैया मात्र) **निर्धारण गरिएको छ । न्यूनतम् भाडा रकमभन्दा कम कबुल गरी बोलपत्र पेश गर्न पाईने छैन। पेश गरेमा बोलपत्र** स्वतः बदर हुनेछ।

३. बोलपत्र पेश गर्दा आफुले कबुल गरेको भाडा रकमको ५% ले हुन आउने रकम यस उपमहानगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, धरान शाखामा रहेको खाता नं. २१६०१००३०३०१०००२ मा जम्मा गरेको धरौटीको भौचर सहित पेश गर्नु पर्नेछ।

४. कोठामा गर्ने व्यवसायिक कारोबार प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिएर र यस उपमहानगरपालिकामा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने र नियमित रुपमा समयमै नवीकरण गर्नुपर्नेछ।

५. कोठामा कानूनले अवैध ठहऱ्याएको कुनै पनि कारोबार गर्न, सटर/कोठा वा भवनको भौतिक अवस्थामा प्रतिकूल असर गर्ने, जनस्वास्थ्यमा असर गर्ने, ध्वनी तथा वातावरण प्रदुषण गर्ने काम गर्न निषेध गरिएको छ।

६. गुणस्तरीय र स्वास्थ्य अनुकूल खाना मात्र बेच्न पाइनेछ साथै अर्डर अनुसारको खाना उपलब्ध गराउनु पर्नेछ र अनिवार्य रुपमा निर्धारण गरे बमोजिम खानाको मुल्यसुची राख्नुपर्नेछ ।

६. ग्राहकहरुसँग मर्यादित सम्मानजनक र सुसंस्कृत ढंगबाट प्रस्तुत हुनुपर्नेछ ।

७. आफ्नो सटर/कोठालाई सधैं सफा राख्ने र उत्पादन भएको फोहरलाई व्यवस्थित किसिमले राखी सफाइको गाडी आएको

८. समयमा मात्र निष्काशन गर्ने व्यवस्था दोस्रो पक्षले मिलाउनु पर्नेछ।

९. आफ्नो व्यवसायको आवश्यकता अनुसारको फर्निसिङ् कार्य दोस्रो पक्षले आफैं गर्नु पर्नेछ।

१०. कोठामा प्रयोग भएको विद्युत तथा पानीको महशुल प्रथम पक्षले राखेको सब मिटरमा उठेको खपत अङ्कको आधारमा दोस्रो पक्षले तोकिएको समयमै नियमित रुपमा बुझाउनु पर्नेछ।

११. दोश्रो पक्षले आफैले उक्त कोठा प्रयोग नगरी कुनै तेश्रो पक्षलाई प्रयोग गर्न दिन पाउने छैन । यसो गरेको पाइएमा सम्झौता रद्द गरी प्रथम पक्षले अर्को व्यवस्था गर्ने छ र त्यसमा दोश्रो पक्षले कुनै उजुर बाजुर गर्न पाउने छैन।

सगेन्द्र प्रसाद अधिकारी
वरिष्ठ राजस्व अधिकृत

अम्बिका प्रसाद बोलागाई
प्रमुख प्रशासकीय अधिकृत

१२. सम्झौता गर्नु भन्दा अघि दोस्रो पक्षले अन्तिम वर्षको कायम हुन आउने ३ महिनाको बहाल रकम बराबरको रकम अग्रिम रूपमा धरौटी बापत जम्मा गर्नु पर्नेछ।

१३. दोस्रो पक्षले प्रत्येक महिनाको बहाल रकम सो महिना मरेको ७ दिन भित्रमा बुझाइसक्नु पर्नेछ। बहाल रकम बुझाउँदा राजस्व प्रशासन शाखामा नगद बुझाई भाडा भुक्तानी गरेको रसिद लिनु पर्नेछ।

१४. महिना मरेको ७ दिन भित्र बहाल रकम नबुझाएमा ८ औं दिनदेखि प्रत्येक महिनाको १०% को दरले जरिवाना थप हुँदै जानेछ। कार्यालयको स्वीकृति बिना लगातार दुई महिनासम्मको बहाल रकम नबुझाएमा सम्झौता गर्दा दोश्रो पक्षले राखेको धरौटी रकम प्रथम पक्षले जफत गरी अर्को प्रकृया शुरु गर्न सकिनेछ ।

१५. सम्झौता अवधिको बीचैमा कुनै कारणले कोठा छोड्न वा छोडाउनु परेमा अर्को पक्षलाई दुई महिना अगावै पूर्व जानकारी गराएर मात्र गर्न सकिनेछ ।

१६. दोश्रो पक्षले यस सम्झौताको विपरित कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ।

१७. सम्झौता भएको तीन वर्षपछि कार्यालयले पुनःखुला बोलपत्रको माध्यमबाट बहालमा लगाउन वा दुवै पक्षको सहमतिमा यही सम्झौतालाई निरन्तरता दिने सम्बन्धमा निर्णय गरे बमोजिम हुनेछ।

१८. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी त्यस पछि बढी कबुल गर्नेलाई दिने प्रक्रिया नियमानुसार कारवाही अगाडि बढाइनेछ।

१९. **अन्य कुराहरु** बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ । बोलपत्र फाराममा समेत उल्लेख नभएका विषयहरु **प्रचलित कानून अनुसार** हुनेछ।

प्रसाद खतिवडा
वरिष्ठ राजस्व अधिकृत

नगर कार्यपालिकाको कार्यालय, धरान-१२, सुनसरी, कोशी प्रदेश, नेपाल

अम्बिका प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत